# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन भएको मिति २०७८/०८/२८

यस वित्तीय संस्थाको लागि करार सेवामा तपसिल अनुसारको जनशक्ति आवश्यकता भएको हुँदा देहायबमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरू, हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो एवं यस वित्तीय संस्थाले तोकेको ढाँचामा यो सूचना प्रकाशित मितिले १५ दिन भित्र (सो दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) कार्यालय समय भित्रमा तलको ठेगानामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद | पद संख्या | अवधि | मासिक पारिश्रमिक तथा सुविधा | स्थान | न्यूनतम शैक्षिक योग्यता र कार्यानुभव | उमेरको हद |
|---|---|---|---|---|---|---|---|
| ८/२०७८/०७९ | अनुसरण सहजकर्ता (Replication Facilitator) | २ (दुई) | ५ (पाँच) महिना | मासिक रु.६० हजार पारिश्रमिक, स्थानीयस्तरको भ्रमण भत्ता वापत रु.२० हजार र स्थानीय यातायातको रु.५ हजार सहित मासिक रु.८५ हजार । | इलाका कार्यालय विरेन्द्रनगर, सुर्खेत र अन्तर्गतका ताकिएको जिल्ला तथा संस्थाहरु । | **(क)** व्यवस्थापन (BBA/BBS), अर्थशास्त्र, सामाजिक विज्ञान, कृषि विज्ञान तथा अन्य सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा प्रविणता प्रमाण पत्र तह वा दश जोड दुई उत्तीर्ण गरी सहकारी क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव भएको ।<br>**(ख)** सहकारी क्षेत्रको सञ्चालन र व्यवस्थापनमा १ वर्षको अनुभव वा लघुवित्त वित्तीय क्षेत्रमा काम गरेको वा तालिम/प्रशिक्षण प्रदान गरेकोलाई विशेष ग्रहयता दिइनेछ ।<br>**(ग)** दुर्गम तथा विकट क्षेत्रमा रही काम गर्न तत्पर । | दरखास्त दिने अन्तिम मितिमा ५० वर्ष ननाघेको । |
| ९/२०७८/०७९ | कार्यक्रम सञ्योजक (Programme Coordinator) | १ (एक) | २०७९ आषाढ मसान्तसम्म | मासिक पारिश्रमिक (कर सहित) रु. १ लाख ५० हजार मात्र । | यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाडौं । आवश्यकतानुसार फिल्ड भ्रमण जानुपर्ने । | स्नातकोत्तर तह उत्तीर्ण भई बैंक वा वित्तीय संस्थामा वा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरुमा रही सहकारीको संस्थागत विकास, व्यवस्थापन, सुदृढिकरण र लघुवित्त सम्बन्धी कम्तीमा १० वर्षको कार्य अनुभव । | दरखास्त दिने अन्तिम मितिसम्म ५५ वर्ष ननाघेको । |

**विदा सुविधा :** (१) सम्झौता अवधिसम्म सञ्चित हुने र सञ्चित विदा वापतको कुनै वित्तीय सुबिधा नहुने गरी मासिक १ दिन भैपरी विदा र मासिक १ दिन विरामी विदा पाउने ।

**बीमा सुविधा :** सम्झौता/सेवा अवधि कायम रहेसम्म लागु हुने गरी रु. २० लाखसम्मको दूर्घटना र रु.१ लाख सम्मको स्वास्थ्य बीमा गरिनेछ ।

**दैनिक तथा भ्रमण खर्च :** कार्यक्रम संयोजक (Programme Coordinator) लाई फिल्ड भ्रमण गर्दा यस वित्तीय संस्थाको वरिष्ठ प्रबन्धक सरहको दैनिक भत्ता र वास्तविक खर्चका आधारमा भ्रमण खर्च उपलब्ध गराउने ।

आवेदक नेपाली नागरिक र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान हासिल गरेको हुनु पर्नेछ । वैयक्तिक विवरण (दरखास्त फाराम), Terms of Reference (TOR) यस वित्तीय संस्थाको Website: http://www.skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ । रित नपुगेको तथा तोकिएको समयभन्दा पछि प्राप्त हुने आवेदन उपर कुनै कारवाही गरिने छैन । छनौट सूचिमा परेका उम्मेद्वारहरूलाई मात्र अन्तरवार्ताका लागि सूचित गरिनेछ ।

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाण्डौ ।